# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः २) काठमाण्डौ, चैत्र २१ गते २०७५ साल, संख्याः ३०


## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिका कार्यालयको सूचना

### गोकर्णेश्वर नगरपालिकाको मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः** गोकर्णेश्वर नगरपालिका क्षेत्रभित्र सार्वजनिक मर्मत गर्नको लागि मर्मत सम्भार कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिकाले यो कार्यविधि बनाएको छ ।


मूल्य रु ५।

१. **संक्षिप्तनाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम “गोकर्णेश्वर नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७५” रहेको छ।

(२) यो कार्यविधितुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) “कार्यपालिका” भन्नाले गोकर्णेश्वर नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) “नगरपालिका” भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले गोकर्णेश्वर नगर सभा सम्झनुपर्छ।

(ङ) “कोष” भन्नाले गोकर्णेश्वर नगरपालिका मर्मत संभार कोष सम्झनुपर्छ।

(च)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाल गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(छ) “वडा कार्यालयको” भन्नाले गोकर्णेश्वर नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ।

३. **कोषबाट रकम खर्च गर्न सक्ने:** नगरपालिकाले कोषमा रहेको रकमबाट नगरपालिका भित्रको बाटो,पुल,

पुलेसा,नहर,कुलो,पार्क,उद्यान,चौर,पाटी,पौवा,मठ मन्दिर जस्ता सार्वजनिक महत्वका स्थलहरुको मर्मत संभार तथा जिर्णोद्धार सम्बन्धी कार्यका लागि र अन्य सानातिना विकास योजना तथा अन्य कार्यक्रममा खर्च गर्न सक्नेछ ।

४. **निवेदन दिनु पर्नेः**(१) दफा ३ बमोजिमको कुनै कार्यको लागि रकम आवश्यक परेमा सम्बन्धित उपभोक्ता समिति वा उपभोक्ता वा सरोकारवाला व्यक्ति वा संस्थाले त्यस्तो मर्मत सम्भार गर्दा लाग्न सक्ने खर्चको अनुमानित विवरण र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा दफा ५ को उपदफा (२) बमोजिमको रकमको हकमाप्रमुख प्रशासकीय अधिकृत आँफैले स्वीकृत गर्न र उपदफा (३) बमोजिमको रकमको हकमा सिफरिस सहित प्रमुख समक्ष पेश गर्ने पर्नेछ ।

५. **कोषको सञ्चालनः**(१) कोषको सञ्चालन नगरपालिकाबाट हुनेछ ।

(२) दफा ३ बमोजिमको कार्यका लागि वडाको सिफारिसमा सम्बन्धित वडाको लागि कोषबाट आवश्यकता हेरी पचास हजार रुपैयाँसम्म खर्च गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

(३) नगरपालिकाको कुनै पनि क्षेत्रमा दफा ३ बमोजिमको कार्य गर्नको लागि उल्लेखित कोषबाट आवश्यकता अनुसमर एक लाख रुपैयाँसम्मको रकम प्रमुखले निर्णय गरी दिन सक्नेछ ।

(४) उपदफा (२) र (३) मा तोकिएको रकमभन्दा बढी रकम कोषबाट खर्च गर्नु परेमा नगर कार्यपालिकाबाट निर्णय गराउनु पर्नेछ ।

६. **कार्यविधि संशोधन गर्न सक्ने :** नगरपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

७. **कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

८. **वाधा अड्काउ फुकाउने :** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

स्वीकृत मितिः २०७५।१२।२१

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत